मोफसलको सर्वाधिक लोकप्रिय राष्ट्रिय दैनिक

# पूर्वाञ्चल

Purwanchal National Daily

श्रीअन्तु प्रकाशन (प्रा.)लि.

◆ वर्ष : ३२ ◆ अङ्क : ११५ ◆ पृष्ठ ४ ◆ बिर्तामोड ◆ वि.सं. २०८२ फागुन ३० गते शनिबार (Saturday, 14 March. 2026) नेपाल सम्वत् ११४६ Web : www .purwanchaldaily.com ◆ मूल्य रु. : ५/- भारतमा भारु. : ४/-

## झापामा रुखले किचेर किशोरीको मृत्यु

**झापा, फागुन २९।** बिहीवार राति आएको हावाहुरीले रुख लडाउँदा हल्दिबारीमा एक किशोरीको घटनास्थलमै मृत्यु भएको छ।

जिल्ला प्रहरी कार्यालय झापाका प्रवक्ता खगेन्द्रबहादुर खड्काका अनुसार हल्दिबारी गाउँपालिका-२ की १७ वर्षीया आरती राजवंशीको रुखले किचेर मृत्यु भएको हो। आफ्नै घरमा सुतिरहेका बेला उनलाई रुखले किचेको हो। हावाहुरीसहित आएको वर्षाका कारण कृषि क्षेत्रमा समेत ठूलो क्षति पुऱ्याएको छ।

# सर्वोच्च अदालत जलाउन पेट्रोलियम पदार्थको प्रयोग

**झापा, फागुन २९।** गत भदौ २३ र २४ गते भएको जेन–जी आन्दोलनका क्रममा संसद् भवन, सर्वोच्च अदालत, सिंहदरबार र राष्ट्रपति भवन जलाउन के प्रयोग भएको थियो भनेर अन्तर्राष्ट्रियस्तरमै चासो छ।

नेपाल इन्भेस्टिगेटिभ मल्टिमिडिया जर्नालिज्म नेटवर्क (निमजिन) ले गरेको खोजमा यी संरचना जलाउन पेट्रोलियम पदार्थको प्रयोग भएको पाइएको छ।

जेन–जी आन्दोलनका क्रममा संसद् भवन, सर्वोच्च अदालत, देशको प्रमुख प्रशासकीय भवन रहेको सिंहरबार र राष्ट्रपति भवन जलाउन पेट्रोलियम पदार्थको प्रयोग भएको फरेन्सिक परीक्षणमा पुष्टि भएको बताइएका छ।

भदौ २३ गते जेन–जीको आह्वानमा भएको प्रदर्शनका क्रममा संसद भवन बाहिर १७ सहित १९ जनाको ज्यान गएपछि त्यसको विरोधमा २४ गते देशभर हिंसात्मक प्रदर्शन भएको थियो।

त्यो प्रदर्शनका क्रममा जलेका भवनहरूबाट संकलन गरिएको १६ वटा नमूना भारतको गृह मन्त्रालय मातहत रहेको सेन्ट्रल फरेन्सिक साइन्स ल्याबोरेटरीमा परीक्षण गर्दा पेट्रोलियम पदार्थको अवशेष पाइएको हो। नमूनाहरूमा पेट्रोलियम उत्पादन (पेट्रोलियम हाइड्रोकार्बन) का अवशेषहरू फेला परेको छ- प्रतिवेदनमा भनिएको छ।



परीक्षणका लागि पठाइएको एउटा झोल नमूना पेट्रोल नै भएको परीक्षण प्रतिवेदनमा उल्लेख छ।

ल्याबोरेटरीमा १६ वटा नमूनालाई भौतिक रसायन विधि, रसायन परीक्षण, थिन लेयर क्रोमाटोग्राफी, ग्यास क्रोमाटोग्राफी-मास स्पेक्ट्रोफोटोमेट्री विधिबाट परीक्षण गरेर पेट्रोलियम उत्पादनहरू र तिनका अवशेषहरू जाँच गरिएको थियो।

यो परीक्षण प्रतिवेदन नेपाल इन्भेस्टिगेटिभ मल्टिमिडिया जर्नालिज्म नेटवर्क (निमजिन) ले फेला पारेर त्यसको अध्ययन र विश्लेषण गरेको छ। जसबाट आगजनीमा पेट्रोलियम पदार्थको प्रयोग भएको पुष्टि हुन्छ। विज्ञहरूले पनि आगलागी भएको ठाउँको नमूना परीक्षण गर्दा नतिजामा हाइड्रोकार्बन देखिएमा त्यहाँ पेट्रोलियम पदार्थ प्रयोग भएको मानिने बताएका छन्।

अमेरिकाको युनिभर्सिटी अफ बायोमिङबाट रसायन शास्त्रमा विद्यावारिधि गरेका काठमाडौं इन्स्टिच्युट अफ एप्लाइड साइन्सेजका वरिष्ठ वैज्ञानिक डा. वसन्त गिरीले भने -पेट्रोलियम पदार्थको अवशेष भएको नमूनामा हाइड्रोकार्बन पाइन्छ, हाइड्रोकार्बन पेट्रोलियम पदार्थमा पाइन्छ।

जेन–जी आन्दोलनका क्रममा आगजनी भएका ठाउँबाट संकलन गरिएको खरानी तथा अँगार, जलेको ठाउँको माटो, जलेका तारका टुक्रा, आधा जलेका काठका टुक्रा, आधा जलेका कपडाका ओसिला टुक्रासहितका १५ वटा नमूना अलग-अलग जिप लक प्लास्टिकमा प्याक गरी तथा १२ एमएल पहेँलो झोल पदार्थ सेन्ट्रिफ्युज ट्युबमा हालेर भारतको दिल्लीस्थित सेन्ट्रल फरेन्सिक साइन्स ल्याबोरेटरीमा पठाइएको थियो।

सिलबन्दी कार्टुनमा राखी, बाहिरबाट कपडा बेरेर टेपको सिल लगाएर पठाइएका ती सामग्री नयाँ बानेश्वरस्थित संसद् भवन, सर्वोच्च अदालत, सिंहदरबार परिसरभित्रका जलेका मन्त्रालयका भवन, राष्ट्रपति भवनलगायतका ठाउँबाट संकलन गरिएको थियो।

परीक्षणका लागि पठाइएको झोल पदार्थ पेट्रोलियम पदार्थ रहेको फरेन्सिक प्रतिवेदनमा उल्लेख छ। सिंहदरबारभित्रै रहेको एउटा मन्त्रालयबाट

(बाँकी अन्तिम पृष्ठमा)

# जेन-जी आन्दोलनमा फरार दुई जना पक्राउ

**काठमाडौँ, फागुन २९।** नेपाल प्रहरीले जेन-जी आन्दोलनका क्रममा थुनाबाट फरार रहेका दुई जनालाई पक्राउ गरेको छ।

केन्द्रीय अनुसन्धान ब्युरो सिआइबीको टोलीले जेन-जी आन्दोलनका क्रममा जबर्जस्ती करणी मुद्दा र सरकारी कागजछाप दस्तखत कीर्ते गरेर फरार रहेका दुई जनालाई पक्राउ गरी शुक्रबार सार्वजनिक गरेको हो।

पक्राउपर्नेमा सिन्धुपाल्चोक पाँचपोखरीका ३० वर्षीय नुमेश वाइबा र खोटाङ बराहपोखरीका ४१ वर्षीय नवराज लुइँटेल रहेका छन्। ब्युरोका प्रवक्ता, प्रहरी वरिष्ठ उपरीक्षक (एसएसपी) शिवकुमार श्रेष्ठले वाइबालाई जबर्जस्ती करणी र लुइँटेललाई सरकारी कागजछाप दस्तखत कीर्ते गरेको अभियोगमा पक्राउ गरिएको जानकारी दिए।

पक्राउ परेका वाइबा जेन-जी आन्दोलनका क्रममा केन्द्रीय कारागार सुन्धारा र लुइँटेल जिल्ला अदालत काठमाडौँबाट फरार रहेका थिए। वाइबालाई स्वयम्भू र लुइँटेललाई वसुन्धराबाट पक्राउ गरिएको ब्युरोले जनाएको छ।

# एमाले अध्यक्ष ओलीलाई पितृशोक

**झापा, फागुन २९।** नेपाल कम्युनिष्ट पार्टी (एमाले) का अध्यक्ष केपी शर्मा ओलीलाई पितृशोक परेको छ। पूर्वप्रधानमन्त्री ओलीका पिता मोहनप्रसाद ओलीको ९७ वर्षको उमेरमा शुक्रवार भक्तपुरस्थित नेपाल-कोरियामैत्री अस्पतालमा निधन भएको हो।



दिवङ्गत ओलीका दुई छोरा र तीन छोरी छन्। उनको शुक्रबार नै पशुपति आर्यघाटमा अन्त्येष्टि गरिएको छ।

**कांग्रेस सभापति थापाद्वारा दुःख व्यक्त**

नेपाली कांग्रेसका सभापति गगनकुमार थापाले नेकपा (एमाले) का अध्यक्ष एवम् पूर्वप्रधानमन्त्री केपी शर्मा ओलीलाई परेको पितृशोकप्रति गहिरो दुःख व्यक्त गरेका छन्।

सभापति थापाले सामाजिक सञ्जालमार्फत पूर्वप्रधानमन्त्री ओलीका पिता मोहनप्रसाद ओलीको निधनको खबरले आफूलाई मर्माहत बनाएको उल्लेख गरेका छन्। थापाले स्वर्गीय मोहनप्रसादको आत्माको मोक्ष प्राप्तिको कामना गर्दै सभापति थापाले भावपूर्ण श्रद्धाञ्जलि अर्पण गरेका छन्।सभापति थापाले यस कठिन क्षणमा शोकाकुल परिवारजनप्रति गहिरो समवेदना व्यक्त गरेका छन्।

# उपभोक्तालाई अब आधा सिलिन्डर ग्यास

**झापा, फागुन २९।** एलपी ग्यासको आपूर्ति व्यवस्थापन गर्न नेपाल आयल निगमले देशभर आधा सिलिन्डर ग्यास बिक्री-वितरण गर्ने निर्णय गरेको छ। निगमले शुक्रबारदेखि लागू हुने गरी अर्को निर्णय नभएसम्म सिलिन्डरमा ७.१ किलो एलपी ग्यास भरी प्रतिगोटा ९५५ रुपैयाँमा बिक्री गर्ने व्यवस्था गरिएको जनाएको छ।

निगमले जारी गरेको विज्ञप्तिमा हालको परिस्थितिलाई ध्यानमा राख्दै एलपी ग्यासको आपूर्ति तथा वितरण प्रणालीलाई व्यवस्थित बनाउन यस्तो निर्णय गरिएको उल्लेख छ। निगमका अनुसार यस व्यवस्थाले सीमित उपलब्ध ग्यास धेरै उपभोक्तासम्म पुऱ्याउन सहयोग पुग्ने अपेक्षा गरिएको छ। उपभोक्तालाई पनि सोहीअनुसार ग्यास खरिद गर्न आग्रह गरिएको छ।

निगमका अनुसार नियमित रूपमा मागअनुसार नै एलपी ग्यास आयात तथा



वितरण हुँदै आएको भए पनि पछिल्ला दुई-तीन महिनादेखि काठमाडौं उपत्यकामा ग्यासको माग अस्वाभाविक रूपमा बढेको देखिएको छ। साथै, मध्यपूर्व क्षेत्रमा जारी द्वन्द्वका कारण पेट्रोलियम पदार्थ तथा एलपी ग्यासको आपूर्तिमा विश्वव्यापी रूपमा असर परेको निगमको भनाइ छ।

यता पूर्वी नेपालका झापा, मोरङ, सुनसरीसहित पहाडी जिल्लामा ग्यास अभाव हुने हल्ला फैलिएपछि उपभोक्ताको भीड ग्यास डिलरमा बढ्न थालेको छ। शुक्रबार बिहानैदेखि विराटनगरसहित विभिन्न स्थानका डिलरमा उपभोक्ता खाली सिलिन्डर बोकेर पुग्न थालेका छन्।

सरकार, ग्यास व्यवसायी तथा सरोकारवाला निकायबीच बिहीबार भएको छलफलपछि बजारमा देखिएको अनावश्यक चाप कम गर्न र धेरै उपभोक्तासम्म ग्यास पुऱ्याउने उद्देश्यले आधा सिलिन्डर ग्यास उपलब्ध गराउने व्यवस्था लागू गरिएको हो।

कोशी प्रदेशदेखि मधेश प्रदेशको सिराहासम्म ग्यास आपूर्ति गर्दै आएको कोशी ग्यास उद्योगका प्रबन्धक सचित उपाध्यायले भने खाना पकाउने ग्यासको अभाव नरहेको दाबी गरे। उनका अनुसार अन्तर्राष्ट्रिय परिस्थितिका कारण अभाव हुन सक्ने आशंकामा उपभोक्ताले घरमा ग्यास संचित गर्न थालेकाले बजारमा भीड देखिएको हो।

भारतीय आयल निगमबाट आउने कोटाअनुसार ग्यास नियमित रूपमा

(बाँकी अन्तिम पृष्ठमा)

# अनलाइन ठगीमा परेका २१ जनाको उद्धार

**काठमाडौँ, फागुन २९।** विभिन्न व्यक्तिहरुको प्रलोभनमा परी कम्बोडिया पुगेका र त्यहाँ अवैध रूपमा सञ्चालन गरिएका अनलाइन स्क्यामिङ केन्द्र तथा क्यासिनोमा अनलाइन ठगीमा परेका २१ नेपाली नागरिकलाई उद्धार गरी स्वदेश फर्काइएको छ।




विभिन्न गैरकानूनी काममा लगाइएका साथै कम्बोडियामा बिनाभिसा बसिरहेका २१ नेपालीलाई थाइल्याण्डको बैंककस्थित नेपाली दूतावासको पहल र कम्बोडिया सरकारको सहयोगमा उद्धार गरी गैरआवासीय नेपाली सङ्घ कम्बोडियाको सहजीकरणमा शुक्रवार नेपाल फर्काइएको हो। यसैगरी अलपत्र परेका वा कठिन परिस्थितिमा रहेका अन्य नेपालीलाईसमेत नेपाल फर्काउने पहल भइरहेको दूतावासले जनाएको छ।

कम्बोडियामा नेपाली नागरिकलाई अनलाइन ठगीलगायत गैरकानूनी काममा लगाइएको र बिनाभिसा वा भिसा अवधिभन्दा बढी समय बसिरहेको जानकारी प्राप्त भएको राजदूतावासले जनाएको छ। साथै दूतावासले अवैध रुपमा र अप्ठ्यारो अवस्थामा बसिरहेका नेपालीलाई नेपाल फर्किन सहजीकरणका लागि नेपाली राजदूतावास बैंकक वा गैरआवासीय नेपाली सङ्घ कम्बोडियाका

(बाँकी अन्तिम पृष्ठमा)

# अन्तरघात गरेपछि...

**झापा, फागुन २९।** चुनावमा अन्तर्घात गरेको आरोपमा नेकपा एमाले धनकुटाले साँगुरीगढी गाउँपालिका उपाध्यक्ष मुना राईलाई निष्कासन गरेको छ। जिल्ला कमिटी बैठकले गाँउपालिका उपाध्यक्ष मुनालाई साधारणसदस्य समेत नरहने गरी कारबाही गरेको हो।

लामो समयदेखि पार्टीको सम्पर्कमा नरहेको, पटक-पटक सम्पर्कमा आउन ताकेता गर्दा पनि नमानेपछि कारबाही गरिएको एमाले धनकुटाका अध्यक्ष शिव आङ्लाले बताए।

मुनाले प्रतिनिधिसभा निर्वाचनमा पार्टीविरुद्ध गतिविधि गरेको र अन्तर्घात गरेको पाइएको आङ्लाले



जानकारी दिए।

भीम राईको संयोजकत्वमा गठित छानबिन समितिले मुनालाई कारबाहीको सिफारिस गरेको थियो।

उपाध्यक्ष राईले कांग्रेसका उम्मेदवारलाई भोट मागेको प्रमाण रहेको एमाले स्रोतले जनाएको छ। धनकुटाबाट एमालेका राजेन्द्रकुमार राई पुनः निर्वाचित भएका छन्।

# डुबेर एक जनाको मृत्यु

**झापा, फागुन २९।** हल्दीबारी मा जमेको पानीमा डुबेर एक जनाको मृत्यु भएको छ।

हल्दीबारी गाउँपालिका-२ का ३७ वर्षीय सुनिलराम सोरेनको घरदेखि करिब पाँच सय मिटर पूर्वतर्फ रहेको खेतमा जमेको पानीमा डुबेर मृत्यु भएको प्रहरीले जनाएको छ।

प्रहरीका अनुसार मादक पदार्थ सेवन गरेका सोरेन राजमिस्त्रीको काम सकेर घर फर्किने क्रममा पानी जमेको खेतमा डुबेका थिए।

शुक्रवार बिहान करिब ७ बजे स्थानीयले शव देखेपछि प्रहरी चौकी हल्दीबारीमा खबर गरेका थिए। घटनापछि प्रहरी टोलीले प्रारम्भिक अनुसन्धान गरी शव पोष्टमार्टमका लागि प्रादेशिक अस्पताल भद्रपुर पठाएको जिल्ला प्रहरी कार्यालय झापाका डीएसपी गुरुप्रसाद तिम्सिनाले जानकारी दिए।

वरिष्ठ मुटु रोग विशेषज्ञ



DR. RAJESH KUMAR PANJIYAR
MBBS, MD INTERNAL MEDICINE,
DM CARDIOLOGY FAPSC (JAPAN)
NMC NO.: 8021
SENIOR CLINICAL & INTERVENTIONAL CARDIOLOGIST

CATH LAB Training (सहिद गंगालाल राष्ट्रिय हृदय केन्द्र, बाँसबारी, काठमाडौं)

प्रत्येक महिनाको तेस्रो शनिबार विराटनगरबाट

उपचार हुने रोगहरू

- उच्च रक्तचाप(Blood Pressure),कोलेस्ट्रोल
- छाती दुख्ने, चक्कर आउने, थकान धेरै हुने
- राति सुत्दा वा हिड्दा सास फेर्न गाह्रो हुने
- हात,खुट्टा सुन्निने, पसिना धेरै आउने, ढुकढुकी बढने
- मुटुको कमजोरी (Heart Failure)
- हृदयघात (Heart Attack)
- पुरानो मुटु रोग सम्बन्धी समस्या
- ECG र मुटुको भिडियो एक्सरे (ECHO)सेवा
- मुटु सम्बन्धी अपरेसन गरेको तथा पेसमेकर राखेका बिरामीहरु का लागि नियमित परामर्श

आर. आर. पोलिक्लिनिक
अन्नपूर्ण चोक, भद्रपुररोड (भद्रपुर बस स्टेण्डसगै), बिर्तामोड-४,झापा
०२३-५९११७४, ९८२०४९११७४

बिर्तामोड साना शहरी खानेपानी तथा सरसफाई उपभोक्ताको

## अत्यन्त जरुरी सूचना

यस बिर्तामोड साना शहरी खानेपानी तथा सरसफाई उपभोक्ता संस्थाको कार्य क्षेत्रभित्र पर्ने एशियन हाइवे पूर्वपश्चिम राजमार्गको निर्माण कार्य धमाधम भइरहेको र उक्त निर्माणाधीनको बाटोको दुबैतर्फ दायाँ-बायाँ खानेपानीको नयाँ पाइप लाइन विस्तार गरिने भएको हुँदा सडक क्षेत्रभित्र सडकले गर्ने निर्माण कार्य सम्पन्न भएका स्थानमा खानेपानी पाइप लाइन विस्तार भइ सकेपछि मात्र घरधनीहरुले आफूले गर्नुपर्ने निर्माण कार्य गर्न हुन सम्बन्धित सबैमा हार्दिक अनुरोध गर्दछौं।

बिर्तामोड साना शहरी खानेपानी तथा सरसफाई उपभोक्ता संस्था
बिर्तामोड (झापा)

## भिटा बिक्रीमा

बिर्तामोड नगरपालिका-१ बाल्मीकि लिङ्कन कलेज दक्षिण डाक्टर कोलेनीसंगैको दक्षिण मोहडा भएको ११ धुर भिटा तु-बिक्रीमा रहेकाले इच्छुकले मात्र सम्पर्क गर्नुहोला।

मो. ९८०७९२२३०१

# मार्सेली उपभोक्ता सचेतना पुरस्कार बिराट साहित्य संगमलाई

**झापा, फागुन २९ ।** विश्व उपभोक्ता अधिकार दिवसको अवसर पारेर घोषणा गरिने 'मार्सेली उपभोक्ता सचेतना पुरस्कार' यस वर्ष बिराट साहित्य संगमलाई प्रदान गरिने भएको छ ।

उपभोक्ता अधिकारकर्मी कृष्णप्रसाद भण्डारी 'मार्सेली'ले स्थापना गरेको उक्त पुरस्कार राष्ट्र सेवक बचत तथा ऋण सहकारी संस्थाको स्थापना दिवस साउन ४ गते प्रदान गरिने जनाइएको छ ।

सहकारीका उपाध्यक्ष तुलसीनारायण अधिकारीको अध्यक्षतामा बसेको पुरस्कार छनोट समितिको बैठकले प्रदान गर्ने निर्णय गरेको हो ।



नगद १५ हजार १ रुपैयाँसहितको पुरस्कार बिराट साहित्य संगमलाई

उपभोक्ता अधिकार र सचेतनाका क्षेत्रमा सक्रिय मार्सेलीले 'जागरुक उपभोक्ता र जिम्मेवार बिक्रेता' अभियान सञ्चालन गर्दै आएका छन् ।

सोही अभियानलाई टेवा पुऱ्याउने उद्देश्यले बिराट साहित्य संगमले प्रकाशित गरेको १८९औँ अङ्कलाई 'उपभोक्ता जागरण विशेषाङ्क'का रूपमा प्रकाशन गरी उपभोक्ता सचेतनामा योगदान दिएको भन्दै संस्थालाई पुरस्कृत गर्न लागिएको बताइएको छ ।

घोषणा गरिएको पुरस्कार आगामी साउन ४ गते विशेष कार्यक्रमबीच समर्पण गरिने जनाइएको छ ।

## सर्वोच्च ...

संकलन गरिएको त्यो नमूना कसरी संकलन गरिएको हो भन्नेबारेमा केही खुल्न सकेन ।

**फरेन्सिक रिपोर्टबिनै आयोगको प्रतिवेदन**

नेपाल सरकारले नै भारत सरकारसँग समन्वय गरेर यो नमूना परीक्षण गरेको भए पनि यो प्रतिवेदन सरकारले सार्वजनिक गरेको छैन । भदौ २३ र २४ को घटनासम्बन्धी जाँचबुझ आयोगले फरेन्सिक परीक्षणको प्रतिवेदनबिना नै आफ्नो प्रतिवेदन सरकारलाई बुझाएको छ । नमूना परीक्षण गर्न पठाएको भन्ने हामीले जानकारी पाएका छौँ । तर, हामीलाई रिपोर्ट उपलब्ध गराइएन- आयोगका प्रवक्ता विज्ञानराज शर्माले भने -आगामी दिनमा यस्ता नमूना नेपालमै परीक्षण गर्ने प्रयोगशालाको व्यवस्था गर्न सुझाव दिएका छौँ ।

आयोगले प्रतिवेदन बुझाएको एक महिनाअघि माघ २६ गते नै भारतको गृह मन्त्रालयमार्फत यो प्रतिवेदन परराष्ट्र मन्त्रालयमा आएको बताइन्छ । परराष्ट्र मन्त्रालयले माघ २९ गते यो प्रतिवेदन गृह मन्त्रालयमा पठाएको निमजिनको खोजमा देखिन्छ । फरेन्सिक प्रयोगशालाले माघ ३ गतेदेखि परीक्षण शुरु गरेर माघ १६ गते यो प्रतिवेदन तयार पारेको थियो ।

आयोगले बानेश्वरको अन्तर्राष्ट्रिय सम्मेलन केन्द्र (तत्कालीन संघीय संसद भवन), सिंहरदरबारभित्रका भवन, सर्वोच्च अदालत, राष्ट्रपति भवनलगायतमा पेट्रोल बम प्रयोग भएको अनुमान गरेर प्रतिवेदन बुझाएको श्रोतले जनाएको छ ।

भदौ २३ र २४ गतेको आन्दोलनका क्रममा देशभरमा सरकारी, निजी र सामुदायिक गरी कूल २ हजार ६ सय ७१ वटा भवनमा तोडफोड तथा आगजनी भएको थियो ।

राष्ट्रिय योजना आयोगले तयार गरेको भदौ २३ र २४ को आन्दोलनका क्रममा भएको सार्वजनिक सम्पत्ति, भौतिक संरचना तथा निजी प्रतिष्ठानको क्षतिको मूल्याङ्कन र सार्वजनिक संरचनाको पुनर्निर्माण योजना प्रतिवेदनअनुसार तोडफोड र आगजनी हुनेमा सबैभन्दा धेरै २ हजार १ सय ३४ वटा सरकारी भवन छन् ।

आन्दोलनका क्रममा खिचिएका र सामाजिक सञ्जालमा पोस्ट भएका तस्बिर तथा भिडियोमा पनि प्रदर्शनकारीले संसद् भवन, सर्वोच्च अदालतमा मात्र होइन, काठमाडौं उपत्यकाबाहिर पनि पेट्रोल बम प्रहार गरेको देखिन्छ । त्यस्ता तस्बिर र भिडियो संकलन गरेर निमजिनले विश्लेषण गर्दा पेट्रोल प्रयोग भएको देखिन्छ ।

निमजिनले प्राप्त गरेको एउटा टिकटक भिडियोमा सिंहदरबारस्थित प्रधानमन्त्रीको कार्यालय रहेको भवनमा आगजनीअघि हथौडा बोकेका केही व्यक्तिले भित्र पसेर तोडफोड गरेका थिए । उनीहरूले भवनका झ्यालका सिसा, टेबल तथा टेबलमा रहेका कम्प्युटर र प्रिन्टरमा हथौडाले हानेर तोडफोड गरेको भिडियोमा देखिन्छ ।

**नमूना कसरी पठाइयो**

नेपाल प्रहरीलाई नमूना संकलन गर्न लगाएर गृह मन्त्रालयले पुस पहिलो साता परीक्षण गर्न पठाएको थियो । भारतको गृह मन्त्रालयले नेपालबाट पठाएको नमूना परीक्षण गर्न पुस १५ गते नयाँ दिल्लीको लोधी रोडमा रहेको सरकारी स्वामित्वको प्रयोगशालामा दिएको थियो ।

नमूना परीक्षणका लागि भारतको गृह मन्त्रालयका उपसचिव, नेपाली दूतावास दिल्लीका काउन्सिलर, दूतावासमा रहेका नेपाल प्रहरीका प्रतिनिधिसहितको टोलीले संयोजन गरेको थियो ।

नमूना परीक्षण र प्रतिवेदन तयार गर्न एम.एस.सी (अर्गानिक केमिस्ट्री), रासायनिक विश्लेषणको क्षेत्रमा ३१ वर्षको अनुभव भएका एक विज्ञ (प्रतिवेदनमा उनको नाम उल्लेख भए पनि गोपनीयताका कारण सार्वजनिक नगरिएको) सहभागी थिए ।

भारत र विदेशका अदालतहरूमा विशेषज्ञको परामर्श दिँदै आएका ती विज्ञले प्रहरीको अपराध अनुसन्धानमा सघाउन घटनास्थलहरूको जाँच गर्नसमेत सघाउने गरेका छन् ।

उनले प्रमाण संकलन र परीक्षणका लागि वैज्ञानिक सहयोग गर्दै आएका छन् । राष्ट्रिय र अन्तर्राष्ट्रिय महत्त्वका १ हजारभन्दा बढी मुद्दाहरूमा प्रतिवेदन दिएका उनैले नेपालको जेन-जी आन्दोलनमा सरकारी र निजी भवन आगजानी गर्न प्रयोग भएका रासायनिक पदार्थको परीक्षणको नेतृत्व गरेका थिए । - निमजिन

## उपभोक्तालाई ...

आइरहेको र आपूर्तिमा कुनै समस्या नरहेको उनको भनाइ छ । कोशी ग्यासले मात्र आफ्नो आपूर्ति क्षेत्रमा मासिक करिब दुई लाख सिलिन्डर ग्यास उपलब्ध गराउँदै आएको छ भने विराटनगर क्षेत्रमा मात्रै हरेक महिना करिब ४० हजार सिलिन्डर खपत हुने गरेको बताइएको छ ।

यद्यपि, बजारमा देखिएको अव्यवस्थामा सरकारी निकायको कमजोरी पनि रहेको एलपीजी ग्यास विक्रेता संघ मोरङका पूर्वअध्यक्ष गणेश साहको आरोप छ । उनका अनुसार एकै घरमा पाँचदेखि सातवटासम्म सिलिन्डर सञ्चित गर्ने प्रवृत्तिले समस्या झनै बढाएको छ ।

नाकाबन्दीका बेला ग्यास वितरणलाई व्यवस्थित बनाउन लागू गरिएको कार्ड प्रणाली प्रभावकारी भएको भए पनि पछि वाणिज्य कार्यालयले त्यसलाई निरन्तरता दिन नसक्दा अहिले एकै घरमा धेरै सिलिन्डर सञ्चित हुने अवस्था बनेको उनले बताए ।

विराटनगर क्षेत्रमा सुविधा, त्रिशक्ति, प्रिमा, कन्काई, मेची, रिजाललगायत करिब १० वटा ग्यास कम्पनीका सिलिन्डर बिक्री-वितरण हुँदै आएका छन् । बजारमा देखिएको भीड र हल्लाबीच आधा सिलिन्डर वितरण शुरु भएपछि केही दिनभित्र आपूर्ति अवस्था सहज हुने अपेक्षा गरिएको छ ।

**आपूर्ति सुनिश्चित गर्न सरकारलाई निर्देशन**

राष्ट्रिय मानव अधिकार आयोगले पेट्रोलियम पदार्थको वितरण सहज बनाउन सबै उपाय अवलम्बन गर्न सरकारलाई निर्देशन दिएको छ ।

आयोगका उपसचिव श्यामबाबु काफ्लेले शुक्रवार जारी गरेको प्रेस विज्ञप्तिमा कृत्रिम अभाव पैदा गरेको पाइएमा कानूनी दायरामा ल्याउन, अनावश्यक भण्डारण गर्ने प्रवृत्तिलाई नियमन गर्नेतर्फ आवश्यक पहल गर्न र अत्यावश्यकीय वस्तुहरुको आपूर्तिको व्यवस्था अविलम्ब मिलाई उपभोक्ताको अधिकार संरक्षण गर्न नेपाल सरकारलाई निर्देशन गरिएको छ ।

आयोगले नेपाल आयल निगम, वाणिज्य विभाग, नेपाल खाद्य व्यवस्था कम्पनी लिमिटेडलगायत ग्यास बिक्री वितरण गर्ने डिपोहरु समेतको अनुगमन तथा अवलोकन गरेको छ ।

अनुगमन तथा अवलोकनबाट नेपाल पेट्रोलियम पदार्थको आपूर्तिका लागि मुख्यत: आयातमा निर्भर रहेको छ, यसका लागि आयात हुनुपर्ने कच्चापदार्थ साविकबमोजिम नियमित रुपमा नै आपूर्ति भइरहेको छ- विज्ञप्तिमा भनिएको छ,- केही ग्यास कम्पनीहरूको ढुवानी व्यवस्थापनका कारण आपूर्तिमा केही कमी भए पनि विभिन्न सञ्चारमाध्यममा ग्यासको समग्र आपूर्ति व्यवस्थापनमा नै समस्या भएको भन्ने सन्देश प्रवाह हुँदा उपभोक्ताले आवश्यकताभन्दा बढी भण्डारण गर्ने प्रवृत्ति बढेको र कतिपय व्यावसायीबाट कृत्रिम अभाव सिर्जना गर्ने गरेको लगायतका तथ्य प्राप्त भएको छ ।

आयोगले मध्यपूर्वमा उत्पन्न परिस्थिति र त्यसपछि देखिएको तनावका कारण विगत केही समयदेखि काठमाडौँ उपत्यकामा एलपिजी ग्यासको अभाव भई उपभोक्तामा चिन्ता र त्रास सिर्जना भएको भनी प्रकाशित एवम् प्रशारित विभिन्न समाचारप्रति ध्यानाकर्षण भएको जनाएको छ ।

## अनलाइन ...

प्रतिनिधिलाई सम्पर्क गर्न अनुरोध गरेको छ ।

स्क्यामिङ केन्द्रमा काम लगाइएकाको राहदानी कम्पनीले जफत गर्ने गरेको वा स्क्यामिङ्ग केन्द्रहरूबाट ट्रान्सफर हुँदा राहदानी हराएको भनी धेरै जनाको गुनासो आएको देखिन्छ ।

त्यस्तो अवस्थामा नेपाल फर्किनलाई नेपाली राजदूतावास बैंककले उद्धार गर्न बिनाशुल्क एकतर्फी यात्रा अनुमतिपत्र जारी गरिदिने गरेको छ ।

कम्बोडियाको पर्यटनसम्बन्धी तथ्याङ्कअनुसार पछिल्लो समय सन् २०२१ मा एक सय एक जना नेपाली भ्रमण भिसामा कम्बोडिया गएकामा सन् २०२२ मा एक हजार ९७७ जना, सन् २०२३ मा दुई हजार ९४० जना, सन् २०२४ मा छ हजार ४०४ जना तथा सन् २०२५ मा नौ हजार ६७६ जना नेपाली कम्बोडिया गएको देखिन्छ ।

नेपाल सरकारले तोकेका मापदण्डबमोजिम श्रम स्वीकृति लिएर मात्र वैदेशिक रोजगारीमा जान तथा कसैको प्रलोभनमा परी छिटो र धेरै पैसा कमाउने लोभमा कम्बोडिया, लाओस, म्यान्मा थाइल्याण्डलगायत मुलुकमा भ्रमणको बहाना गरी वैदेशिक रोजगारीमा नआउनका लागि राजदूतावासले अनुरोध गरेको छ ।


## बिर्तामोडमा 4D भिडियो एक्स-रे र ल्याव सेवा

वरिष्ठ रेडियोलोजिष्ट **डा. संजयकुमार गुप्ता**द्वारा
**निशा एडभान्स अल्टासाउण्ड एण्ड डायग्नोष्टिक क्लिनिकमा**

- प्रत्येक दिन बिहान ६:०० बजेदेखि ८:३० बजे र बेलुका २:०० बजेदेखि ८:०० बजेसम्म
- पश्चिम बस स्टेण्ड उत्तर, बिर्तामोड-५, झापा

**हाम्रा सेवाहरु**

- Fetal Echo, Fibro Scan Liver (पहिलोपल्ट)
- विशेषज्ञद्वारा ओ.पी.डी. सेवा
- निसन्तान परामर्श केन्द्र
- 12 Lead ECG,
- सुपथ मूल्यको फार्मेसी सेवा
- अत्याधुनिक प्याथोलोजी ल्याव
- 4D भिडियो एक्स-रे
- Anomaly Scan, TVS
- रक्त नलिको Colour Doppler
- Advance CT Scan




सम्पर्क नं. : ०२३-५९०१९४, ९८०१५६६४७८, ९८१७९८४६४६

Advance Pathology Lab

विश्वसनीय स्वास्थ्य परीक्षणको लागि तपाईंको आफ्नै ल्याब
हामीकहाँ आधुनिक प्रविधिबाट सुसज्जित प्रयोगशाला, अनुभवी प्राविधिक र छिटो तथा भरपर्दो रिपोर्टको व्यवस्था छ।

तपाईंको स्वास्थ्य, हाम्रो जिम्मेवारी।

- छिटो र भरपर्दो रिपोर्ट
- आधुनिक मेसिन र अनुभवी टेक्निसियन
- सबै प्रकारका रगत तथा पिसाब परीक्षण
- उचित शुल्कमा गुणस्तरीय सेवा

**Advance Pathology Lab**
ISO 15189 -2022 certified lab
Birtamode-1, Charpane, Jhapa
023-536070, 9817032003
Email:advancelab2010@gmail.com



## बुद्धशान्ति गाउँपालिका

**गाउँ कार्यपालिकाको कार्यालय**
**बुधवारे, झापा**

## सँधियारका नाममा जारी भएको सूचना

यस गाउँपालिकाको स्थान बुद्धशान्ति वडा नं. १मा अवस्थित कित्ता नं. ४१९६ क्षेत्रफल ०-११-० मा भवन निर्माण गर्ने घरधनी श्री सम्झना न्यौपानेले यस गा.पा.मा निर्माण गर्ने भवनको नक्सा प्रमाणित गर्ने प्रयोजनको लागि निवेदन पेश गरेकोले संधियारको नाममा यो सूचना प्रकाशित गरिएको छ ।

यस निवेदन साथ पेश हुन आएको नक्सा प्रमाणित गर्दा तपाईको जग्गा लगायत सार्वजनिक स्थलको हानी–नोक्सानी हुन्छ, हुँदैन । सन्धी सर्पन हानी–नोक्सानी हुने भए यो सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र सबुत प्रमाणसहित यस पालिकामा उजुर गर्न सूचित गरिन्छ । म्याद नाघी आएको उजुरी उपर कुनै किसिमको कारवाही नहुने व्यहोरा जानकारी गराइन्छ ।

**नक्सा प्रमाणितको लागि पेश भएको प्रस्तावित जग्गाको चार किल्लाको विवरण**

| दिशा | आफ्नो जग्गा लम्बाइ (फिट/मिटर) | छोडेको आफ्नो जग्गा (फिट/मिटर) | सँधियार | | |
|---|---|---|---|---|---|
| | | | कि.नं. | लेन्डस्केपको प्रकार | नाम/ठेगाना |
| पूर्व | | | | | रुपनारायण उप्रेती |
| पश्चिम | | | | | १६ फुटे कच्ची बाटो |
| उत्तर | | | | | टेकबहादुर कालीकोटे |
| दक्षिण | | | | | ८ फुटे कच्ची बाटो |

घर/कम्पाउण्ड वाल नाप : लम्बाई : ३८'३' चौडाई ३०' उचाई ३०' तल्ला संख्या ३



## नेपाल चिकित्सक संघ, मेची शाखाको शाखा कार्यकारिणी समितिको निर्वाचन सम्बन्धी सूचना

यस शाखाको नयाँ कार्यकारिणी समिति गठनका लागि निर्वाचन हुने हुँदा इच्छुक चिकित्सकले उम्मेदवारीका लागि निम्न मिति, समय र स्थानमा सम्पर्क गर्न अनुरोध गर्दछौं ।

**उम्मेदवारी दर्ता :** २०८२।११।२८ देखि २०८२।१२।०२गतेसम्म
**उम्मेदवारी फिर्ता:** २०८२।१२।०३ विहान १० बजेदेखि बेलुका ५ बजेसम्म
**निर्वाचन मिति प्रकाशन:** २०८२।१२।०५ गते

**स्थान:** मनमोहन अस्पताल
**समय:** विहान १०बजेदेखि बेलुका ५ बजेसम्म
**सम्पर्क:** डा. रामबाबु खड्का

**निर्वाचन समिति**
**नेपाल चिकित्सक संघ**
**मेची शाखा**



## अधिकतम् खुद्रा बिक्री मूल्य (MRP) प्रकाशनको सूचना

**यस** SUBHALABH ELECTRONIC ले China **बाट पैठारी गरेको देहायको मालवस्तुको अधिकतम् खुद्रा बिक्री मूल्य** (MRP) **निम्न बमोजिम भएको व्यहोरा सर्वसाधारणमा जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।**

| S.N. | CATEGORY | Model | Brand | ORIGIN | Capacity | Unit | MRD |
|---|---|---|---|---|---|---|---|
| 1. | Air Conditioner | Dalt-12k1NV/wifi 12000BTU | DELTORN | China | 1 TON | 1 | 45000 |

**Tmporter Name :- SubhaLabh Electronic**
**Address :- Birtamode Jhapa Nepal**
**Phone No. :- 9824011255**
PAN No. :- 303943987



## एक्सेल डेभलपमेन्ट बैंक लि.

**Excel Development Bank Ltd.** तपाईको स्थानीय साझेदार (Your Local Partner)
नेपाल राष्ट्र बैंकबाट 'ख' वर्गको इजाजतपत्र प्राप्त संस्था ( कोशी प्रदेश कार्यक्षेत्र भएको )
Birtamode, Jhapa
023-533564 | 534010
info@edb.com.np
www.edb.com.np

### वि.स.२०८२ चैत्र ०१ गते (इ.सं.२०२६/०३/१५) देखि लागु हुने व्याजदर

**निक्षेप**

| निक्षेपको प्रकार | न्यूनतम मौज्दात | ब्याजदर (% प्रति वर्ष) |
|---|---|---|
| १.चल्ती/कल डिपोजिट | | |
| (क) कर्पोरेट डिपोजिट (CD) | १००० देखि ५००० सम्म | अधिकतम ०.५० सम्म |
| (ख) एक्सेल सुपर निक्षेप (ESD) | ० | |
| २.बचत खाता | | |
| एक्सेल रेमिट बचत खाता | १०० | ३.८५ |
| एक्सेल प्रिमियम वचत खाता | १,००० | २.७५ |
| मेरो नानी बाबुको वचत खाता | १०० | २.७५ |
| एक्सेल समृद्धि वचत खाता | २,००० | २.७५ |
| एक्सेल उत्कृष्ट बचत खाता | २५,००० | २.८५ |
| सामाजिक सुरक्षा भत्ता खाता | ० | २.७५ |
| मेरो तलव खाता | ० | २.७५ |
| मेरो पेन्सन खाता | ० | २.७५ |
| अन्य सबै बचत खाता योजनाहरु | १०० | २.७५ |

**३.मुद्दति खाता**

| खाता प्रकार | ब्याजदर (% प्रतिवर्ष) व्यक्तिगत खाता: त्रैमासिक ब्याज भुक्तानी | संस्थागत खाता: त्रैमासिक ब्याज भुक्तानी |
|---|---|---|
| ३ महिने मुद्दति खाता | २.७५ | - |
| ६ महिने मुद्दति खाता | २.७५ | २.७५ |
| ९ महिने मुद्दति खाता | २.७५ | २.७५ |
| १ वर्षे वा सो भन्दा माथी ३ वर्ष भन्दा कमको मुद्दति खाता | ३.२५ | २.७५ |
| ३ वर्ष वा सो भन्दा माथी ५वर्ष सम्मको मुद्दति खाता | ४.२५ | ३.०० |
| ५वर्ष भन्दा माथीको मुद्दति खाता | ५.११ | ३.५० |
| एक्सेल रेमिट मुद्धति खाता | व्यक्तिगत खाताको हकमा माथि उल्लेखित समयावधी बमोजिमको व्याजदरमा १% थप गरिनेछ | |

**४.क्रमिक बचत निक्षेप (नयाँ खाताहरुमा मात्र लागु हुनेछ)**

| अवधि | वार्षिक ब्याजदर % |
|---|---|
| १ वर्ष अवधि | ३.०० |
| २ वर्ष अवधि | ३.५० |
| ३ वर्ष अवधि | ३.७५ |
| ४ वर्ष अवधि | ४.०० |
| ५ वर्ष अवधि | ४.२५ |

**कर्जा**

| कर्जाको प्रकार | प्रिमियम दर (% प्रति वर्ष) |
|---|---|
| १.संस्थागत (व्यवसाय कर्जा) | +४ सम्म |
| २. रिटेल (उपभोग) कर्जाहरु: घरकर्जा, गाडी कर्जा, व्यक्तिगत लगायत अन्य कर्जाहरु | +४ सम्म |
| ३. मार्जिन (शेयर) कर्जा | +४ सम्म |
| ४. रियल स्टेट कर्जा | +४ सम्म |
| ५. सुन चाँदी धितो कर्जा | +४ सम्म |
| ६.घरेलु, साना तथा मझौला कर्जा | +३.५० सम्म |
| ७.ग्रिन कर्जा | +३.०० सम्म |
| ८.व्याज अनुदान सहितको सहुलियत कर्जा | +२.०० सम्म |
| ९. कन्सोर्टियम कर्जा | कन्सोर्टियम निर्णयानुसार |
| १०.मुद्धती रसिद धितोमा | थप २ प्रतिशत वा पछिल्लो तीन महिनाको औसत आधार दरमा जुन बढी हुन्छ। |
| ११.छोटो आवधिक कर्जा (Short Term Loan) | +४.०० सम्म |
| १२.नेपाल राष्ट्र बैंक बाट जारी निर्देशन बमोजिम विपन्न वर्ग लगायत अन्य तोकिएका क्षेत्रमा प्रवाह हुने कर्जाको प्रिमियम दर निर्देशन बमोजिम हुनेछ। | |

**स्थिर व्याजदर प्रतिवर्ष आवधिक कर्जा (Fixed Interest Rate)**

| कर्जाको प्रकार | ५ वर्षसम्म | ५ वर्षभन्दा माथि १० वर्षसम्म | १० वर्षभन्दा बढी |
|---|---|---|---|
| घर कर्जा | ७.९९% | ८.५०% | ९.५०% |
| व्यवसायिक कर्जा | ८.२५% | ९.००% | १०.००% |
| सवारी कर्जा | ८.५०% | ९.००% | - |
| व्यक्तिगत कर्जा | ९.२५ % | १०.००% | १०.५०% |

**नोट :**

- बैकको पछिल्लो तीन महिनाको औसत आधार दर (माघ मसान्त सम्मको) ६.०५% रहेको छ र ऋणीपिच्छे लागू हुने परिवर्तनीय व्याजदर औसत आधार दरमा आवश्यक जोखिम प्रिमियम थप गरी निर्धारण हुनेछ।
- सामाजिक सुरक्षा भत्ता वापतको रकम मात्र जम्मा हुने व्यक्तिगत निक्षेप खाता तथा अक्षयकोष मुद्दती निक्षेपको हकमा नियामक निकायको निर्देशन/आपसी सहमति बमोजिम हुनेछ।
- बैंक जमानत/प्रतितपत्र दावी भुक्तानीमा एवं Force Loan मा तत्काल लागू रहेको अधिकतम प्रिमियम दर लाग्नेछ।
- ऋणीले जुन उद्देश्यको लागि कर्जा लिएको हो सो उद्देश्यमा कर्जा प्रयोग नगरेको, धितो सम्पतिमा हानी नोक्सानी गरेको पाइएमा तथा कर्जा आव्हान पत्रमा उल्लेख भएको शर्त तथा बन्देजहरुको पालना नभएको तथा थप कर्जा नोक्सानी व्यवस्था आवश्यक हुने ऋणीहरुको कर्जाको व्याजदरको प्रिमियम दरमा अतिरिक्त २% थप गरी कायम गर्न गरिनेछ। अन्यको हकमा पेनल व्याज सम्बन्धी नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम कायम हनेछ।
- कर्जाको व्याजदर निर्धारण गर्दा नेपाल राष्ट्र बैंकको निर्देशनको परिधिभित्र रहेर गरिने छ।


श्रीअन्तु प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित – कार्यालय : बिर्तामोड-१, झापा ■ प्रकाशक : भरतलाल गिरी, ■ अध्यक्ष : टोरुप प्रसाई, ■ व्यवस्थापक : चन्द्रकान्त ढकाल (९८४४६४२०९५/ ९८१७९९०२९९) ■ प्रकाशन सहयोगी : भानुप्रसाद शिवाकोटी ■ सम्पादक : एकराज गिरी
■ कार्यकारी व्यवस्थापक : होमप्रकाश अधिकारी (९८४२६३४७४०) ■ सह-सम्पादक : सुरेन्द्र भण्डारी ■ अनलाइन संयोजक : नरेन्द्र ढकाल ■ डेस्क सम्पादक : लक्ष्मण ढकाल ■ लेखा : सोमनाथ भण्डारी ■ बजार व्यवस्थापक : लीला आचार्य (९८१४०१८५७१) ■ कम्प्युटर : रुपा मुखिया/ सन्तोष अधिकारी
■ बिर्तामोड प्रतिनिधि: गोपाल अधिकारी-९८०७९१०२२२/सञ्जय श्रेष्ठ ९८०६०३३१५३ ■ प्रोसेसिङ : गोपाल मण्डल ■ प्राविधिक : बद्री महतारा (कार्यालय फोन : ०२३-५३१००२/प्रशासन/विज्ञापन : ०२३-५३००४४) Email: purwanchal2052@gmail .com

कविता

## लोकतन्त्र बचेको छ



**बाशुदेव अधिकारी**

सिस्नुको झ्याङमा
निगुरो पलाएको छ
आफ्नो आङको भैंसी
नदेख्नेले पनि अरूको
लिखा टिप्न छोडेको छ ।

परेला झिम्क्याउँदै
आँखा नचाउँदै,
कानेखुसी गर्नेका
जुँगा हल्लिन छोडेको छ ।

दम्भ, घमण्ड र अहंकारले
घुँडा टेकेको छ
मपाइँत्वको डढेलो पछि
स्वतन्त्रताका मुनाहरु
प्रत्येक खोरियामा पलाएको छ
साँचिकै लोकतन्त्र बचेको छ ।

अबको काम भनेको
देशले काँचुली फेर्नुछ
अनेकतामा एकताको
सन्देश छर्नुछ खुन पसिना र
आँशुको मूल्य खोज्नुछ
अरिङ्गालको सिकार होइन
मौरीकरुो मह काड्नु छ ।

अरूको ढाडमा टेकेर
सिंहदरबार चढ्नुभन्दा
आफ्नै पैतालाले
सगरमाथा चढ्नुछ ।

निरंकुशताको झाडी फाँडेर
स्वन्त्रताको खेती गर्नुछ
शहीदको सपना
साकार पार्दै अघि बढ्न
साँच्चिकै लोकतन्त्र बचेको छ ।

*आङ्सराङ्, पाँचथर*

# दर्शन दिग्दर्शन



**भुवन तमाङ**

दर्शन यस्तो कुरा हो कि मानवले थाहा नपाएर पनि दर्शनद्वारा मार्गदर्शित भइरहेका हुन्छन् । जसले दर्शनबारे केही ज्ञान हासिल गरेका छन् । उनीहरुले दर्शनलाई अंगालेर जीवन शान्त, सुखमय र सार्थक बनाउन सक्दछन् । किनकि दर्शन मानव जीवनलाई सजिलो र मानवीय बनाउन नै विकास भएको हुन्छ ।

दर्शन भौतिक कुरा त होइन र दृष्यात्मक पनि होइन यो त महशुस गर्ने, जीवनधारामा अँगाल्ने एक उत्कृष्ट सोच, विचार हो । विश्वमा दर्शन मानव सभ्यता, महादेश र देश अनुसार फरक हुन सक्दछन्, तर दर्शनको उद्देश्य मानवलाई शान्त, सौहार्द, सहयोगी, इमान्दार, दयावान, सदाचार, आविष्कारक, संस्कारी, सभ्य आदि बनाउन मार्गदर्शन गर्दछ ।

मानव अस्तित्व पृथ्वीमा लाखौं वर्षदेखि छ । मानवको दिमागको उडानको सबभन्दा भव्य युग ५००० देखि ३००० ई.पु.सम्म मानिन्छ । जब कि मानवले खेती, सिँचाइदेखि सौर्य पञ्चाङ्गदेखि हजारौं अत्यन्त महत्वपूर्ण तथा समाजलाई कायापलट गर्ने आविष्कारहरु गरे । यसै प्रकारको मानव मस्तिष्कको तीव्रता हामी १७६० ई.पु. पछि पाउँदछौं । आविष्कारको सिलसिला शुरु भए पनि दर्शनको अस्तित्व पहिलो युगमा छँदै थिएन । दर्शन पनि क्रमशः विकास हुँदै आएको पाइन्छ ।

दोस्रो युगमा भने दर्शन बृद्ध, बुजुर्ग भयो, आफ्नो दिनहरु व्यतित गऱ्यो । त्यो युगमा दर्शन बृद्ध जस्तै भए पनि यसप्रति मानवको ध्यान भने चिखिएको थिएन । दर्शनले मानिसहरुको ध्यान तबमात्र खिच्न थाल्यो जब प्रयोग आश्रित चिन्तन र विज्ञानको हात समाउन थालियो । यद्यपि यस कुरालाई सर राधाकृष्णन् जस्ता पुराना ढर्राका धर्म प्रचारक मान्न तयार थिएनन् ।



राधाकृष्णन्को विचारमा, प्राचीन भारतमा दर्शन कुनै दोस्रो विज्ञान या कलाका लग्गु भग्गु होइन, सदा एक स्वतन्त्र स्थान राख्दथ्यो । भारतीय दर्शन विज्ञान या कलाका लग्गु भग्गु नभए पनि धर्मका लग्गु भग्गु त सदा चल्दै आउँछ । अनि धर्मको गुलामी जस्तो नराम्रो गुलामी अरु के हुन सक्छ ?

३०००-२६०० ई.पु. मानवजातिको बौद्धिक जीवनको उत्कर्ष थिएन अपकर्षको समय थियो । ती युगमा मानिसहरुले धेरै कम आविष्कार गरे । पहिलो सहस्राब्दीको कडा मानसिक श्रमपछि १०००-७०० ई.पु.मा जान परेको थियो र मानव मस्तिष्क पूर्ण विश्राम लिन चाहन्थ्यो । यही स्वप्नावस्थाको उपज नै दर्शन हो । यस्तो प्रारम्भमा निश्चय पनि मानिसहरुको मनमा दर्शनको इज्जत बढ्यो, तर दर्शनको जो प्रभात थियो त्यो उसको मध्यान्न होइन ।

दर्शनको सुवर्ण युग चाहिँ ७०० ई.पु.पछिको तीनदेखि चार शताब्दी हो । यसै समयमा भारतमा उपनिषददेखि बुद्धसम्म अनि यूरोपमा थेल्सदेखि अरस्तुसम्मका दर्शनको निर्माण भएका थिए । यिनै दुई दर्शनधारा आपसमा मिलेर विश्वको सारा दर्शनधाराको उद्‌गम बनेको थियो । सिकन्दरपछि यी दुई दर्शनधारा एक-आपसमा मिलेका थिए र दुबै धाराहरुका प्रतिनिधि नव अफलातूनी दर्शनले अगाडि प्रगति गर्दै आएको थियो । यस समयका शक्तिशाली दर्शन अलग थलग थिएनन्, तर एक बहुमुखीन प्रगतिको उपज थिए ।

६०० ई.पु. त्यो समय थियो जबकि मिश्र, मेसोपोटामिया र सिन्धु उपत्याकाका पुराना मानव आफ्ना आकाशीय उडानपछि थाकेर बसेका थिए । तर, यसै समयमा नवआगन्तुकहरुको मिश्रणले उत्पन्न जातीय जस्तै हिन्दू र यूनानी आफ्ना दिमागी उडान शुरु गरेका थिए । दर्शन क्षेत्रमा यूनानी ६००-३०० ई.पु.सम्म अगाडि बढ्दै रहे, तर हिन्दू ४०० ई.पु.को आसपासमा थाकेर बसेको थियो । यूरोपमा ३०० ई.पु.मा नै अँध्यारो छाएको थियो र १६०० ई.पु.मा नयाँ प्रकाश या पुनर्जागरण आउन थालेको थियो । त्यसपछि लामो कालको तीन शताब्दी ९००-१२०० ई.पु.मा दर्शनको मशाल ननिभे पनि इस्लामिक दार्शनिकहरुको हातमा दर्शनको उज्यालो जल्न थाल्यो । त्यसपछि त्यसै मेसोमा आधुनिक युरोप आफ्नो दर्शनको प्रदीपलाई उजिल्याउन सफल रह्यो ।

यता दर्शनको भारतीय शाखा ४०० ई.पु.पछि चार शताब्दिसम्म आगोको ज्वालामा चिंगार बनेर बलिरह्यो । ईसाको पहिलोदेखि छैँठै शताब्दिसम्म विशेषगरी पछिल्लो तीन शताब्दीमा शर्दनले कमाल देखाएको थियो । जब कि त्यस समय पश्चिममा दर्शनको अवस्था खराब थियो । नवौंदेखि बाह्रौं शदीसम्म भारतीय दर्शन इस्लामिक दर्शनको समकालीन मात्र होइन समकक्ष रहेको थियो, तर यसपछि भने यस्तो चिरकालीन समाधी लियो कि आजसम्म उसको समाधी खुलेको छैन । यूरोपमा चाहिँ यदि सोह्रौं शदीमा धर्मको चंगुलबाट आफूलाई मुक्त नगरेको भए इस्लामिक दर्शनको अवसानपछि त्यहाँ भारतकै जस्तो दर्शनको हालत हुने थियो ।


सोह्रौं शदी यूरोपमा स्कोलास्तिक धर्मपोषक दर्शनको अन्त भयो, तर भारतमा स्कोलास्तिक प्रभाव पैदा हुँदै रह्यो । दर्शनको यस दासतालाई गर्वको विषय सम्झिरह्यो । यो कुरा भारतको समझमा आएन कि विज्ञान र कलाको सहयोगी बन्नुको मतलब त्यो हो जीवित प्रकृतिको जबर्दस्त आश्रय ग्रहण गरेर आफ्नो सृजनशक्ति क्षमता बढाउनु हो । जो दर्शन त्यसबाट स्वतन्त्र हुन चाहन्थ्यो । बुद्धि, जीवन र खुद स्वतन्त्रबाट पनि स्तन्त्रता चाहन्थ्यो ।

विश्वव्यापी दर्शनधारालाई हेर्दा त्यो ज्ञान हुन्छ कि, दर्शन राष्ट्रियको अपेक्षा अन्तर्राष्ट्रिय दृष्टीकोण ज्यादा छ । दार्शनिक विचारलाई ग्रहण गर्नमा विश्वले ज्यादा उदारता देखाएको छ । जसरी धर्मले एक दोस्रो देशको धर्म स्वीकार गरे । हामी जति गंगा, आमु दजला तथा नालन्दा(बुखारा(बगदाद(कार्दोवाका स्वतन्त्र स्नेहपूर्ण समागम दर्शनमा पाउँछौं त्यति नै विज्ञानको क्षेत्रमा अलग कहीँ पाउँदैनौं । अफसोच यो छ कि समय तथा साधनको अभावले हामीले चीन र जापानका दार्शनिक धारालाई अनुभव गर्न सकेनौं । यति भइकन पनि यो निकर्षमा त कुनै अन्तर छैन कि दर्शनको क्षेत्रमा राष्ट्रियताको तान छेड्नेवाला स्वयम् धोखामा छन् र अरुलाई पनि धोखामा पार्न चाहन्छन् ।

(महापण्डित राहुल सांकृत्यायनद्वारा लिखित (दर्शन दिग्दर्शन ग्रन्थ अध्ययनबाट)

# फोटोको माया !

कथा



**देवी प्याकुरेल**

बिस्तारै घाम छिप्पिँदै छ । असोजको महिना, पीपलका पातहरू हावामा खेलिरहेका छन् । सबेरै उठेर उत्तरतर्फ हेर्छु । मन आह्लादित हुन्छ । पर...चार कोसेका अग्ला-अग्ला रूखहरू, ठीक त्यसमाथि चुरे पहाड बसेको जस्तो, त्यसभन्दा माथि महाभारत पर्वत शृङ्खला र त्यसमा यात्रा गरिरहेका बादलहरू, बादलले छेकेका सेता हिमाल अनि त्यसभन्दा माथिको आकाश । हेर्दाहेर्दै बिहान कति छिटो सकिएछ पत्तै भएन !

मेरो मन र म दुवै कार्यालय पुग्यौं । शरीर काममा व्यस्त छ, मन भने कता-कता दौडिरहेको छ । केही कुराको पूर्व सङ्केत पाएको भान यो मनले गरेको छ । शायद कोहीसँग आज भेट हुन्छ जस्तो । वर्षौंभरि हराएको केही कुरा भेटिँदैछ जस्तो । पहिलो दिन भएकोले तालिम हलमा सहभागीहरू आउने क्रम चलिरहेको हुन्छ । मेरो जागिरे जीवनको यो चौथो जिल्ला हो । आफूले जानेका कुरा अरूलाई भन्न, सुनाउन असाध्यै मन लाग्छ मलाई । हामी महेन्द्रमाला सिरिज पढेका पुस्ताहरूलाई गफ गर्न खूब मन लाग्दो हो ! र गफ गर्छौं पनि ।

अरू साथीहरू ठीक समयमा अफिस पुग्नु हुन्थ्यो भने मलाई भने कामले तानेर होला प्रायः कार्यालय पुग्न कहिल्यै पनि ढिला गर्दिनँ । झन् आज त मेरो मन बिहानैदेखि अलि फरक नै थियो, फुरुङ्ग हावामा उडिरहे जस्तो ।

झ्याल खोल्दै थिएँ, झ्यालका पल्ला के उघ्रेका थिए, मेरा आँखा कति बेला ती आँखाहरूमा पुगिसकेछन् पत्तै भएन । निहुरिएर आएको छड्के नजरले मलाई च्याप्प समातेको थियो । मुटु फुलेर आयो । एकछिन पछि हातले नमस्कार गरेछन् । मनले त स्वीकार गरिसकेको थियो । अनायासै ती आँखाहरू तीर बनेर पसिसकेछन् । मन प्रफुल्लित किन भयो ठम्याउन सकिनँ ।

नियम थियो, डर थियो, सबै नौला मान्छेहरू थिए, तर ती आँखाहरू मलाई धेरै परिचित लागे, आफ्ना लागे, अनि प्यारा लागे । एकपटक अन्य सहभागीहरूलाई सिसाकलम दिने निहुँले मेरा औंलाहरू अनायासै ती हातसम्म पुगेछन् । मनले कति बेला चाल पाएछ खै त्यो हात, ती औंलाहरू परिचित लागे ! किन-किन हातहरूले मलाई कसे जस्तो लाग्यो । म कता-कता पुगेँ ।

एउटा सानो घर । पहाडको फेदी । खोलाको कलकल आवाज । बारीमा सागपात । खोलाको डीलमा बुढो काफलको बोट । डाँडामा देखिने गुराँसको रातो । बोट भने असाध्यै नराम्रो हुने के, गुराँसको तर फूल भने शिरमै सजाउने । गुराँस फुलेको कमै देखिन्थ्यो होला, यदि यसको बोट सखुवाको जस्तै वा सिसौको जस्तो भएको भए !

प्रकृतिको सृजना पनि अद्‌भूत छ, गुराँसको बोट र फूल कत्ति नमिलेको देखिन्छ । शायद मान्छेको मन र शरीर पनि यस्तै हुन्छ होला कतिपयको । पाखाभरि धान पोटाउन थालेका छन् । कात्तिके सिमी परालको चुली तिर चढ्दै छ । ओखरका पातहरू बेतमास सुन्तलाको बोटमा मिसिएका छन् । उता घिरौलाको लहराले अम्बाको बोट छेकेको छ । दशैं आउँदै थियो । बुबा बिहानै खेत जानुभएको छ । आमाले फर्सीको मुन्टा केलाउँदै हुनुहुन्छ ।

म ल्यापटपमा छु । धेरै कामको घान एकै पटक हालेर बिस्तारै विषयगत र आवश्यकता अनुसार हात र मस्तिष्कको मेसिन चलाउँदै काम गर्न रुचाउने मान्छे म ! मेरो ल्यापटपमा तीनचार वटा फाइलहरू एकैसाथ खुलेका हुन्छन् । कुनै पढ्ने किसिमका, कुनै आफ्नै जिम्मेवारीका लागि तय भएका, कुनै चाखलाग्दा लेख वा समाचार भए त्यो पनि फाइल खोलेर राखिरहेको हुन्छु । गीतहरू बजिरहेछन् ।

'हेलो सर ! कति दिनलाई हो तपाईं तालिममा जाने ? कुन-कुन कपडा लाने हो ? यसो बोले त हुँदो हो । कसरी बुझ्नु हौ त्यो मनको कुरा ?' भीर मौरीको मह जस्तो आवाज आएर कानमा ठोक्कीयो । मीठो पनि, औषधि पनि, धेरै खाए लाग्ने पनि ।

'म भोलिदेखि तालिम चलाउनका लागि हप्ता दिनलाई कर्णाली जाँदैछु ।'

मलाई दिनदिनै कपडा फेरेर लगाउन मन पर्दैन भन्ने कुरा थाहै छ, मेरो सानो ब्यागमा काइँयो, तेल, नङकट, साबुन, ब्रस, जस्ता वस्तुहरू राख्नुपर्छ भन्ने थाहै छ । बाटोमा मलाई चिउरा र पानी भए तीन दिन त केही चाहिँदैन भन्ने पनि थाहा छ । तालिमबाट प्राप्त हुने शुल्कको आधा शुल्क बुझाउनुपर्ने सम्झौता पनि थाहै छ । किन प्रश्न सोधनि भयो भनेर यो ध्यान दृष्टिले हेरेको त, तिल्की चामल, अम्चुर, तोरीको तेल आदि, मैले फर्कंदा ल्याउनु पर्ने सामानको सुचीमा रहेको यकीन भयो ।

'अँ त्यो नीलो रङको टि सर्ट, ढाका टोपी, कोट पनि झोलामा प्याक गरिदिनुहोस् है मेडम !'

मलाई न लुगा मिलाएर लाउन आउँछ, न त कपडा मिलाएर राख्न नै । 'ल ल मेरो काम नै यही त हो नि, आफ्नो ढङ्ग छैन, अब त सिक्नु है यतिका वर्ष भइसकेर पनि खालि मेरै भर परेको छ ।'

मनमनै मैले भनेँ- ए २० वर्ष पो हुन थालेछ त !

मलाई कसैले मेरो आनीबानी, कामप्रति टिप्पणी गरे, केही नबोल्ने बानी सानैदेखिको हो । बुबाले दिएको अर्ती खुब मन पर्छ । कि त ज्ञान जान्नु कि त भनेको मान्नु !

म प्रायः आफै जानेरै धेरै कुरा सञ्चालन गर्ने भित्र पर्दछु । थाह थियो मभन्दा पहिला मेरो झोला पूर्ण रूपले तयार हुन्छ अनि किन बोल्नु ?

र उनलाई पनि राम्ररी थाहा छ, म फर्कंदा सुचीमा भएका भन्दा थप सामाग्रीहरू आउने नै छन् ।

बिहानै म हिँड्ने बेला भयो । केटाकेटीहरू हाम्रो भलाकुसारी सुनेर सुतेका छन्, बाबाले सय सय रुपैयाँ दिनुहुन्छ कि एउटा सयको नोट दिएर आधा आधा बाँडेर खानू भन्नुहुन्छ मात्र प्रतीक्षा यसैको हुन्छ उनीहरूमा । उनीहरूको सिरानी मुनि पैसा राखेर, सिरक बाहिरैबाट उनीहरूको मुख हेरेर हिँड्ने मेरो बानी छ । सानी छोरीले भने जाने दिन खासै वास्ता गर्दिनन् तर जब बेलुका गन्तव्यमा पुगेर फोन गर्छु उनको पहिलो प्रश्न हुन्छ बाबा कहिले आउने ? यही प्रश्नले मलाई मेरो काम र जिम्मेवारी पूरा गर्न हौसला दिने गर्छ र औधी खुशी पनि बनाउँछ ।

म झोला बोकेर बाहिर गेटमा निस्कँदै थिएँ...

'सर खाजा आयो ।'

अफिसको गेटबाट आएको आवाजले म कहाँ रहेछु, म को रहेछु भन्ने झट्ट ख्याल आयो, तालिमको आधा दिन सकिएको पो रहेछ । ओहो ! मान्छेको मन पनि कति छिटो दौडने रहेछ नि, म पनि दौडँदै खाजा समाउन अफिसको गेटमा पुगेँ । आजको खाजा थियो खीर ।

खीर खान हात धुने बेला भयो । धारामा मेरा हातहरू जान मानेनन् फेरि त्यो हातको आश गरे झैं लाग्यो । जब ती हातहरू धारामा पुगे, मेरा हातहरू मैले रोक्न सकिनँ । उनका हातबाट बगेको चिसो पानी मेरा हातमा खसेपछि मात्र भुइँमा खस्यो ।

मलाई त्यो पानीको खूब लोभ लागेर आएको थियो कि मुखैमा राखेर निलूँ । धारामा दुई जना मात्र भयौं । म केही बोल्न सकिनँ, मात्र हेरिरहेँ । कपाल हेरेँ, ओठ हेरेँ, अनुहार अघिको कल्पनाको गुराँस जस्तै । कयौं कुराहरू भन्न मन थियो, नाम पनि थाह छैन, उज्यालो अनुहार, मिलेका दन्तलहर, लामो कपाल, औंलामा औंठी, नाकमा नथिया, रातो सल सबै आउनेगरी एउटा तस्वीर खिच्ने योजना बनाएँ ।

पहिलो दिनको अन्तिम कक्षा सकियो । सबैजना क्यामरा अगाडि, म आफैं क्यामेरा मेन बने । खोइ किन हो फोटो राम्रो आउने क्यामरा बोक्ने धोको भने मेरो बाँकी नै छ । मलाई यो सारा दुनियाँलाई क्यामरामा अटाउन मन पर्छ । प्रकृतिको सुन्दरतालाई छोइरहन मन लाग्छ । आकाश, चरा बादल, हिमाल, जङ्गल भन्दा पनि मलाई मान्छेको मन कैद गर्न मन लाग्छ । त्यो मन भित्रको कथाको तस्वीर खिच्न मन लाग्छ । मान्छेका कथा पनि अनेकौं हुने रहेछन् ।

क्यामराबाट सबैलाई हेरेँ अनि उनलाई केन्द्रित गरेर एकछिन हेरेँ । ती आँखाहरू जो अहिले क्यामेरा हेर्ने निहुँले मलाई नै हेर्दै थिए । त्यो मन्द मुस्कान जसले मनभित्र पनि उज्यालो छ भन्ने जनाउँथ्यो । फोटो खिचेँ, सबैले एक पटक आफूलाई मेरो मोबाइलमा हेरे । मैले कसैलाई मेरो मोबाइलमा राखेको थिएँ ।

सामुहिक फोटो त बहाना थियो । एउटा फोटो खिच्नु थियो । एउटा मनको फोटो !







ज्यो. पं. खेमप्रसाद पौडेल
फोन सम्पर्क नं. : ९८५११५४६९९

**मेष (चु, चे, चो, ला, लि, लु, ले, लो, अ) -** धार्मिक कार्यमा सहभागी हुने दिन छ, बोलेको भरमा काम बन्ने योग छ, घुँडा तथा ढाडमा समस्या हुन सक्छ, सतर्क रहनुहोला ।

**बृष (इ, उ, ए, ओ, बा, बि, बु, बे, बो) -** व्यापार-व्यवसायमा लाभदायक योग छ, धन लाभ हुने समय छ, मिष्ठान्न भोजन प्राप्त हुन सक्नेछ, आज मन प्रशन्न रहला ।

**मिथुन (का, कि, कु, घ, ङ, छ, के, को, ह) -** कार्यसिद्धी हुने दिन छ, मान-सम्मान मिल्नछ, स्वास्थ्यले तथा भाग्यले साथ दिनेछ, थोरै पारिवारिक झमेला व्यहोर्नुपर्ने हुन सक्छ ।

**कर्कट (हि, हु, हे, हो, डा, डि, डु, डे, डो) -** मन शान्त रहने छ, पारिवारिक कारणले मनमा खुशी बढ्नेछ, अचानक यात्रा गर्नुपर्ने तथा खर्चिलो योग छ ।

**सिंह (मा, मि, मु, मे, मो, टा, टि, टु, टे) -** बोलिको प्रभावले काम बन्नेछ, इष्टमित्रले साथ दिनेछन्, रमाइलो जमघट तथा प्रियजनसँग भेटघाट हुने दिन छ ।

**कन्या (टो, प, पि, पु, ष, ण, ठ, पे, पो) -** आजको दिन तपाईलाई समयले साथ दिएको छ, नचिताएको ठाउँबाट धन आगमन हुनाले मन खुशी भएर जानेछ ।

**तुला (र, रि, रू, रे, रो, ता, ति, तु, ते) -** रचनात्मक काम शुरू गर्ने समय आएको छ, पहिले गरिएको कामको हौशलाले थप उर्जा मिल्नेछ, स्वास्थ्यले साथ दिनेछ ।

**बृश्चिक (तो, ना, नि, नु, ने, नो, या, यि, यु) -** तपाईको दिन मध्यम रहेको छ, मन शान्त रहने छ, नयाँ अवसरका निम्ति दौडधुप गर्नुपर्छ, पेट सम्बन्धी समस्याले सताउन सक्छ ।

**धनु (ये, यो, भ, भि, भु, ध, फा, ढ, भे) -** समय मिश्रित फलदायी छ, टाउको तथा आँखा सम्बन्धी समस्याले सताउन सक्छ, सन्तानबाट सहयोग प्राप्त हुनेछ ।

**मकर (भो, ज, जि, खि, खु, खे, खो, गा, गि) -** आज तपाईको फलदायी रहेको छ, बुद्धिको उपयोगले धन आर्जन गर्ने समय रहेको छ, आफ्नो विचारले धेरैलाई प्रभावित बनाउन सकिने छ, धैर्य गर्नुहोला ।

**कुम्भ (गु, गे, गो, सा, सि, सु, से, सो, द) -** यथेष्ट धन लाभको योग छ, बोलीको प्रभावमा वृद्धि हुनेछ, मिष्ठान्न भोजनको योग आउनाले मन प्रफुल्ल रहला ।

**मीन (दि, दु, थ, झ, ञ, दे, दो, च, चि) -** समय मध्यम छ, मान-सम्मानमा बढ्ने छ, सुखद् खबर सुनिने छ, व्यापार-व्यावसायमा सन्तोषजनक नतिजा प्राप्त हुनेछ ।

मिति २०८२/११/२९ शुक्रबारको
सुनचाँदी मूल्य



छापावाला
सुन प्रति तोला
रु. ३,१४,२००।-



चाँदी
प्रति तोला
रु. ५४९५।-

# के हामी आत्महत्या न्यूनीकरण गर्न पछि परेका त छैनौं ?





**कोपिला खड्का बस्नेत**

यस बिषयको लेख शृङ्खला यो पहिलो हो, जसले हामीलाई आत्महत्या जस्तो अकल्पनीय मृत्यूलाई न्यूनीकरण कसरी गर्न सकिन्छ भनी एकपटक सोच्न बाध्य गर्नेछ । यदि कसैको मृत्यु भएमा हामी सहानुभूति दर्शाउन कर्तव्य मानेर पुग्छौं अनि सान्त्वनाका शब्दहरुद्वारा मृतक परिवारको शोकलाई साहसमा बदल्न सहयोग पनि गर्छौं । ती आत्मीयता र सहानुभूतिका शब्दले शोक सन्तप्त परिवारलाई ठूलो हिम्मत पनि आउँछ र जीवन अगाडि बढाउन आत्मबल पनि बढाउँछ ।

तर, व्यक्तिको मृत्यु प्राकृतिक नभई आत्महत्याबाट हुन गयो भने हामी धेरै निर्णायात्मक हुन्छौं । यो एउटा त्रासदीपूर्ण दुःखद् घटना हो । तर, हामी यस्ता घटनालाई आफ्नो ज्यान लिनु मूर्खता अनि कायरता भनेर पापको दर्जा दिन्छौं । यस्तो घटनालाई कानून व्यवस्था नियम विपरीत भनिन्छ । पीडित परिवारलाई सहानुभूतिसँगै धेरै प्रश्नहरु खडा गरिन्छ, परिवारका प्रिय मृतकलाई दुःखी, पागल, स्वार्थी भनेर शब्दहरु उपहारमा दिइन्छ । यी शब्दहरु प्रत्यक्ष वा अप्रत्यक्ष दुबै हुन सक्छन् ।

आत्महत्याको विषयमा चर्चा गर्‍यो भने धेरै मानिसहरुमा यसले नकारात्मक असर गर्दछ भनेर डराउँदछौं । शायद अझ धेरै आत्महत्याका घटना हुन सक्दछ भन्छौं । हामी सजिलैसँग आत्महत्या गर्नेलाई कमजोर पनि सम्झन्छौं । भन्न सजिलो छ तर ऊ भित्रको पीडा, कमजोरी र जोखिमबारे हामीलाई थाहा हुँदैन । हामी सबै जोखिममा छौं । हामी जोखिममा छौं भन्नु हाम्रो कायरता होइन । यदि निराशा र चिन्तामा रहेको व्यक्तिले आफू जोखिममा छु भन्ने विषयमा चर्चा गर्दछ र परिवारलाई भन्न सक्छ भने त्यो व्यक्तिले आत्महत्या जस्तो पीडाबाट मुक्ति पनि पाउँछ ।

मानिसले जीवनमा धेरै अप्ठ्यारोको सामना गर्नु पर्दछ । विछोड, मरण, तनाव, दुःख अनेक छन् । हामीलाई समस्या परेपछि मात्र कारण र परिणाम थाहा पाउँछौं । सम्भावित कतिपय घटनाहरु घट्छ भन्ने पूर्व अनुमान पनि गरेको हुँदैन । यस्ता भाविक घटनाहरुलाई हामीले ध्यान दिने र अध्ययन गर्न खोज्ने हो भने त्यसको सक्दो नियन्त्रण गर्न सकिनेरहेछ भन्ने तथ्य र खोजहरुले देखाएको छ । यसमा कालगतिको मृत्युवरणको हकमा हामी चित्त बुझाउँछौं । तर दुर्घटना, आत्महत्या जस्ता अकाल मृत्युलाई सहजरुपमा मृत्युको दर्जा दिदैनौं । यी दुई मध्ये पनि आत्महत्यालाई हामीले अपराध र हिन दृष्टिकोणबाट मूल्याङ्कन गदर्छौं ।

घरपरिवारलाई परिवारको सदस्य गुमाएको पीडा छ साथै समाजले कसरी व्याख्या गर्छ भन्ने चिन्ता छ । मृत्युलाई पनि वर्गीकरण गरिएको छ कालगति, अगति भन्ने चलन छ । विशेष त आत्महत्यालाई कलङ्कको रुपमा हेर्ने गरिएको छ । हाम्रो समाजले आत्महत्यालाई सामाजिक र कानूनी रुपमा र कलङ्कको रुपमा लिन्छ । सामाजिक संस्कारमा लज्जित, सर्मनाक र डरको रुपमा पनि यसलाई लिने गरिन्छ भने कानूनी प्रक्रियाप्रति भएका कारण धेरै मानिसहरु मानसिक समस्या र पीडाबारे बोल्न चाहँदैनन् । यसकारण आवश्यक मानसिक स्वास्थ्य र सामाजिक सहयोग प्राप्त हुन सक्दैन ।

जुन दिन मेरो श्रीमानले आफ्नो जीवन समाप्त गर्नुभयो । सोही दिन पनि हाम्रै गाउँमा अर्को जीवन समाप्त भयो भन्ने खबर सुनिरहेकी थिएँ । त्यसैगरी केही दिनभित्रै १५ जना परिवारका प्रियजनले आफ्नो इहलीला समाप्त गरिसकेका थिए । विभिन्न तथ्यांक अनुसार हाम्रो समाजमा परिवारले आफ्नो बुवा, आमा, छोरा, भाइ, श्रीमान गुमाउनु परेको अवस्था छ । जसका कारण महिलाभन्दा पुरुषको आत्महत्याको संख्या बढी रहेको छ । सधैँ तथ्यांकहरु सही हुन्छन् भन्ने पनि हुँदैन किनभने यस्ता घटनाहरुको यकीन रिर्पोट पनि गरिएको हुँदैन ।

त्यस दिनको घटना म सम्झन्छु । मैले जब मेरा श्रीमानलाई मृत फेला पारे त्यसबखत मेरो हविगत के भएको थियो आज कल्पनासम्म पनि गर्न सक्दिनँ । सारा पृथ्वीले मलाई शिरमा थिचेको थियो । मेरो सिउँदो पुछिएको थियो । मलाई सधैँ खुशी राख्न चाहने मेरो हृदयको सबभन्दा प्यारो जीवनसाथीले साथ छाडी गई सक्नुभएको थियो । सोही क्षण उहाँको निर्जिव शरीर भुइँमा राखि सकिएको थियो । त्यसबेला म बेहोसीमा रहेछु तर पनि कतै-कतैबाट आवाज आइरहेको थियो कि मृत्युको कारण हृदयघात हो भन्नुपर्छ । म पनि एकछिन के यो आत्महत्या पाप वा अपराध हो भनि दोधार भइरहेकी थिएँ । घरपरिवार, समाज सबै मेरो श्रीमानको प्रतिष्ठाको विषयमा चिन्तित देखिनुहुन्थ्यो । किन, के, कारणले त्यस्तो कदम चाल्नु पर्‍यो भन्ने प्रश्नको जवाफ म धर्मपत्नीलाई तेर्स्याइयो ।

नेपालमा आत्महत्यालाई एक अपराधको रुपमा हेरिन्छ । किनभने विशेषगरी प्रहरीको संलग्नताले गर्दा विषयलाई गम्भीर रुपमा हेरिन्छ । आत्महत्या अपराध होइन, यो एउटा भ्रम मात्रै हो । आत्महत्या सहायताको एक संकेत हो । आवाज हो रोदनको । परिवारले यस्तो अवस्थामा लज्जाबोध गर्नुपर्ने होइन । मानिसहरुमा फेरि आत्महत्या दोहोरिन्छ भन्ने भ्रम पर्न जान्छ । त्यो एक संयोग मात्रै हो । जुन मेरो श्रीमानको आत्महत्यापछि छिमेकी भाइले पनि आत्महत्या गर्नुभयो । यसमा मेरो श्रीमानको कुनै सम्बन्ध छैन । तर पनि समाजले हेर्ने भित्री दृष्टिकोण फरक हुँदोरहेछ । यो त सरुवा रोग हो कि भन्ने आशंका पनि व्यक्त भएको पाइन्छ । कुरा गर्‍यो भने पनि यस्तो घटना घटन सक्छ भन्ने पनि हुन्छ । तर, वास्तवमा आत्महत्या जस्तो विषयमा खुलेर चर्चा गर्न अझ पनि व्यक्तिले सकिरहेका छैनन् । चर्चा-परिचर्चा गर्नु इमान्दारिता र खुल्ला रोकथामको प्रारम्भिक चरण हो । यदि मेरो श्रीमानले आफ्ना मनभित्रका पीडा अथवा समस्या केही थियो भने हामी परिवार समक्ष व्यक्त गर्नु भएको भए समस्याको समाधान हुन सक्ने थियो ।

समाजले सर्वश्रेष्ठ शक्तिको रुपमा पुरुषलाई मानेको छ । जन्म दिने बित्तिकै परिवारको वंश बढाएको मानिन्छ । यस प्रकारले हुर्काएको पुरुषलाई सामाजिक बन्धनले बाँधेको हुन्छ । घरमा छोरा, बाबु, श्रीमान, दाजुभाइको भूमिका निभाउन जिम्मेवार बनाइएको हुन्छ । हाम्रो पुरुष प्रधान संस्कारले गर्दा अप्ठ्यारा पाटोहरुको चर्चा गरिँदैन । मैले आफ्नो परिवारमा पनि त्यही नै पाएँ । मेरो श्रीमानले आफ्नो समस्या सधैँ आफूभित्र राख्नुभयो । अप्ठ्यारोमा हामी साथ दिन तयार थियौं, तर कहिल्यै साथ माग्नु भएन एक्लै लडिरहनुभयो । त्यसैले पनि अन्तिम समयसम्म परिस्थिती अनुकूल नै छ भन्ने थियो । उहाँभित्रको पीडा र छटपटीको गम्भीरता आंकलनसम्म पनि मैले गर्न पाइँन् ।

त्यसैले पुरुषहरु आफूलाई बलियो र आर्थिक रुपमा सफल, भावनात्मक रुपमा पनि अप्रभावित देखाउन बाध्य महशुस गर्छन् । यो पनि पुरुष आत्महत्याको एउटा ठूलो लुकेको कारण हो । लामो समयसम्म भावनाहरु दबाउँदा मानसिक दवाब धेरै बढ्न सक्छ । परिवारको अपेक्षाहरु पूरा गर्न नसक्दा उनीहरुलाई लाज, असफलता र हीन भावना महशुस हुन सक्छ । भित्रभित्रै संघर्ष गर्नुपर्ने अवस्था सृजना गर्छ । यस्तो बेलामा परिवार र समाजले पुरुषलाई भावना व्यक्त गर्ने सुरक्षित वातावरण दिनु पर्दछ । मानसिक स्वास्थ्यको बिषयमा खुलेर कुरा गर्नु र मद्दत माग्नु लाज मान्नुपर्ने कुरा होइन भनि बुझाउनुपर्ने रहेछ ।

## लागूऔषधसहित चार जना पक्राउ

**विराटनगर, फागुन २९।** झापा र सुनसरीको विभिन्न स्थानहरुबाट लागूऔषधसहित चार जनालाई प्रहरीले पक्राउ गरेको छ ।

इलाका प्रहरी कार्यालय झिलझिलेले झापाको शिवसताक्षी नपा-११ का ३२ वर्षीय शिवा मल्लिक र शिवसताक्षी-८ का कैलाश रणपयलीलाई एक ग्राम छ सय १० मिलिग्राम ब्राउनसुगरसहित नियन्त्रणमा लिएको छ ।



उता कोशी प्रदेश प्रहरी कार्यालय विराटनगरको प्रादेशिक अनुसन्धान समूह, इलाका प्रहरी कार्यालय धरान र अस्थायी प्रहरी चौकी अमरहाटबाट खटिएको प्रहरी टोलीले सुनसरीको धरान-१३ बाट संखुवासभा सिलिचोङ गाउँपालिका-४ का २० वर्षीय सन्दिप राईलाई ३० किलोग्राम गाँजासहित पक्राउ गरेको हो ।

त्यस्तै अस्थायी प्रहरी पोष्ट जोरसखुवाले धरान-११ बाट सोही स्थानका डानियल राईलाई ट्रामाडोल ६० क्याप्सुल र डिकोलिक १४९ ट्याब्लेटसहित नियन्त्रणमा लिएको छ । पक्राउ परेका चारै जनाबिरुद्ध थप अनुसन्धान भइरहेको कोशी प्रदेश प्रहरी कार्यालय विराटनगरले जनाएको छ ।

## 'स्वाइन फिभर'लागेर बङ्गुर मर्न थाले

**झापा, फागुन २९।** रौतहटको चन्द्रपुर नगर क्षेत्रमा स्वाइन फिभर लागेर बङ्गुर मर्न थालेका छन् । यो रोगले चन्द्रपुर नगरपालिका-५ राजपेडा गाउँका हरि गुरोका १४ वटा बङ्गुर मरेका पशु चिकित्सक डा. सुलभ चौधरीले बताएका छन् ।

एक साताको अन्तरालमा १४ वटा बङ्गुर मरेका किसान गुरोले दुखेसो गरे । बङ्गुरको उपचारका लागि पशु चिकित्सकहरुलाई खबर गरेको र उपचार गर्दागर्दै पनि बङ्गुर मरेको उनले बताए ।

डा. चौधरीका अनुसार चन्द्रनिगाहपुर-४ मा शान्ति मगरको एउटा बङ्गुर पनि सोही रोगले मरेको छ । रोग विशेष गरी रोगी बङ्गुर वा त्यसका पाठापाठी वा मासु वा रोगी पशुको सम्पर्कमा आएका पशुबाट फैलने उनले बताए ।

रोग नियन्त्रणका लागी चन्द्रपुर नगरपालिकाले सबै वडामा खोप लगाउने घोषणा गरेता पनि हाल खोप अभाव भएकाले केही समय लाग्ने चिकित्सक चौधरीले बताए ।


Ganapati Bakers
Finest Bakery in town
गणपति बेकरीका परिकारहरुका लागि हामीलाई सम्झनुहोस् ।
सम्पर्क नम्बर :
बिर्तामोड : ९८१०९४४५७७
काँकरभिट्टा : ९८२०५४४५७७
भद्रपुर : ९८२०१४४५७७

शुद्ध दूधको स्वस्थ उत्पादन
कोसेली
"सुखद् उत्सव होस वा पारिवारिक समारोहमा कोसेली सधैँ तपाईहरुको साथमा'
दूध तथा दूधबाट बनेका सम्पूर्ण उत्पादनहरु बिर्तामोड एरियामा होम डेलिभरीसहित उपलब्ध छ । साथै क्याटरिङ्ग तथा पार्टी भोजका लागि चाहिने सम्पूर्ण दूग्ध परिकार र मिनी रसवरी पनि उपलब्ध छ ।
कालिका डेरी,
कृषिथोक पूर्वगेट बिर्तामोड,
फोन नं.: ०२३-५३४१२९
९८५२६४४१२९, ९८०२३१३२७२

UPVC झ्याल ढोका
टर्की ब्रान्डका UPVC ओरजिनल झ्याल, ढोका पार्टीसन लगाउनु परेमा हामीलाई सम्झनुहोस् ।
गणपति UPVC झ्याल, ढोका-संसार
सम्पर्क :
बिर्तामोड, चारपाने, सुरुङ्गा, दमक
९८५२६७१४२२, ९८१८२१०६७०

घर ढलान गर्नुछ ?
तपाईको सेवामा सधैँ चन्द्र सूर्य आर.एम.सी. झापा तथा इलाम जिल्लामा घर ढलान, बाटो, पुल-पुलेसाका तथा भौतिक संरचनामा उच्च गुणस्तर कंक्रिट ढलानका लागि आधुनिक रुपमा अनुभवी कामदारबाट काम गर्नु परेमा सधैँ सम्झनुहोस् ।
सेवामा २४सैं घण्टा उपलब्ध छौं ।
सम्पर्क :
९८०२३१३२९०
९८२४०५७७०७
९८०२३१३२९३

आयुर्वेद उपचार
यहाँ पाइल्स, फिस्टुला, फिसरको विशेषज्ञ डाक्टरद्वारा सफल उपचार गरिन्छ । साथै शरीरका सम्पूर्ण रोगहरुको पनि उपचार गरिन्छ ।
सुश्रुत आयुर्वेद अस्पताल प्रा.लि.
काँकरभिट्टा रोड, बोलबम पेट्रोलपम्पसँगै काली मन्दिर छेउ, बिर्तामोड
सम्पर्क: ९८१८७९३९८६, ९८५२६८८९८६

DRISHTI Eye Care System
TRUSTED BY MORE THAN 1.1 MILLION+ PATIENTS
प्रत्येक दिन आँखाको शल्यक्रिया
१) मोतियाविन्दुको शल्यक्रिया
२) जलविन्दुको शल्यक्रिया
३) आँखाको पर्दा (रेटिना)को शल्यक्रिया
४) आँखाको डेढोपन (छड्के आँखा)को शल्यक्रिया
५) आँखाको नानी प्रत्यारोपण (शल्यक्रिया)
Visit our Website www.drishtieye.org
सबैका लागी दृष्टि सधैंका लागी दृष्टि

अब बिर्तामोडमा
डा. पितामबर ठाकुर
MBBS. MD(TU)
NMC NO. 1914
मेची अञ्चल अस्पतालका Ex-Superintendent वरिष्ठ फिजिसियन
हरेक दिन बिहान ११:०० देखि १:०० र दिउसो ३:०० देखि ५:०० बजेसम्म
के तपाईलाई तलका मध्ये कुनै समस्या छ ?
पेट सम्बन्धी समस्या
मुटु सम्बन्धी समस्या
राति निद्रा नलाग्ने
छाती दुख्ने
फोक्सो सम्बन्धी समस्या
बाथ
थाईराईड
रक्तचाप
मधुमेह
डाक्टर आउने समय :
बिहान ११:०० बजेदेखि ५:०० बजेसम्म
(+977) 9817964771
(+977) 023-590008
THAKUR POLYCLINIC
Birtamode-1, Jhapa, Nepal
Opposite of Paschim Bus Stand

वैदेशिक रोजगार
के तपाई विदेश जान चाहनुहुन्छ ? यदि सस्तो, भरपर्दो र विश्वासिलो मेनपावरको खोजीमा हुनुहुन्छ भने ब्रदर्श इन्टरनेशनल इम्प्लोइमेन्ट प्रालिलाई सम्झनुहोस् । हामी दुबई, कतार, कुवेत, मलेशिया, साउदी अरबमा डाइरेक्ट कम्पनीमा कामदारहरु पठाउने व्यवस्था गरिएको छ ।
सम्पर्क: ९८०१४०१३००, ९८०१४२७३०१, ९८०१४२७३०३
बिर्तामोड, झापा

वैदेशिक रोजगार
यहाँबाट दुबई, कतार, कुवेत, मलेशिया, साउदी अरब लगायतका देशहरुमा भरपर्दो राम्रो कम्पनीमा कामदारहरु पठाउने व्यवस्था गरिएको छ । सम्पर्क गर्नुहोला ।
HK EMPLOYMENT SERVICES PRIVATE LIMITED
सम्पर्क :
९८४२६३४८७४,
९८१६०४९८७६,
०२३-५३५९७३
बिर्तामोड, झापा

कार्की ट्याक्सी सर्भिस
दमक-बिर्तामोड-दानाबारी-जितपुर-मंगलबारे दैनिक सेवा रिजर्वको लागि पनि हामीलाई सम्झनुहोस्
छुट्ने समय
दमकबाट : बिहान ६ बजे
बिर्तामोडबाट : बिहान ७ बजे
मंगलबारेबाट : दिउसो १२ बजे
सम्पर्क (चालक)
सन्तोष ९८०६०१८१७४ ९८४०३८७६७५
जीवन कार्की ९८१७९४०१७३
मे १ ज १६७०

उच्च गुणस्तर सुलभ मूल्य
सयपत्री बालुवा प्रशोधन उद्योग
यहाँ आधुनिक प्रविधिद्वारा प्रशोधित बालुवा, गिटी आदि निर्माणजन्य सामग्री सुपथ मूल्यमा पाइनुका साथै तुरुन्त डेलिभरी समेत गरिन्छ ।
सम्पर्क : ९८६६२४२४६६
Whatsp:
९८४२६५४४००/९८०४९५४४००
अर्जुनधारा नपा- ४, झापा

सेफ्टी ट्यांकी चाहिएमा
अब झापामा सेफ्टी ट्यांकी सफा गर्नु परेमा राम्रो सेफ्टी ट्यांकीलाई सम्पर्क गर्नुहोस् । सस्तो, भरपर्दो, छिटो र छरितो सेवा उपलब्ध छ ।
सम्पर्क: शिवसताक्षी, कन्काई, बिर्तामोड, धुलाबारी, अर्जुनधारा, बुधबारे
देवराज गिरी
९८१३६७६६२२/९८४२०७०५८६/९७०६१९६४०६

विशेषज्ञ डाक्टरहरुको सेवा अब
कान्तिपुर मेडिसीन सेन्टर
उपचार हुने रोगहरु :
- उच्च रक्तचाप (Blood pressure)
- सुगर, हर्मोन, थाइराइड विशेषज्ञ
- वरिष्ठ मानसिक रोग विशेषज्ञ
- वरिष्ठ छाला, यौन रोग विशेषज्ञ
- वरिष्ठ बाल रोग विशेषज्ञ
- स्त्री तथा प्रसुति रोग विशेषज्ञ
यहाँ रेबिजबिरुद्धको भ्याक्सीन लगाइन्छ । साथै प्याथोलोजी सेवा पनि उपलब्ध छ ।
अदुवा पुल छेउ गणेश पेट्रोल पम्पसँगै बिर्तामोड, झापा (फोनः ०२३-५३२८४५)

आरोग्य मल्टि-स्पेसियलिटी डेन्टल क्लिनिक
१५ वर्षको अनुभवसँग तपाईंको सेवामा :
हामीले प्रदान गर्ने सेवाहरू :
- दाँतका सम्पूर्ण समस्याको समाधान
- आर्थोडन्टिक उपचार (braces)
- दाँत सफा गर्ने (Scaling)
- ब्रिज, क्राउन र इम्प्लान्ट (implant)
- बालबालिका दाँत उपचार
निःशुल्क चेक-अप र आर्थोडन्टिक परामर्श लिनुहोस् ! तपाईंको सेवामा !
हाम्रो स्थानहरु: बिर्तामोडमा हिकोला रोड, फोन नं. ९८६९१८३०४२
शनिश्चरेमा NIC एशिया बैंकको तल फोन नं. ९८१७०५६११८

UNited International Group
UAE मा रोजगारीको अवसर
७ दिनमा भिषा आउने
कम्पनी: युनाइटेड इन्टरनेशन ग्रुप LT No .309924
पद : मेसन, कार्पेन्टर, स्टील फिक्चर, हेल्पर
ASIA LINK SERVICES (P) LTD .
BRANCH OFFICE : BIRTAMOD, JHAPA
Tel: 023-535072 / 531287
Mob: 9852674809 / 9863714421
9807963795 / 9816015488
email:
asialinkjhapa@gmail.com
phagdhakgroup@gmail.com

वैदेशिक रोजगार
अब वैदेशिक रोजगारीका लागि भरपर्दो मेनपावर बिर्तामोडमा
हामीलाई सम्पर्क गर्नुहोस् । बिना झन्झट राम्रो तलब (सेलरी)मा तपाईलाई वैदेशिक रोजगारमा हामी पठाउँछौं ।
सम्पर्क :
GLOBAL RECRUIT EXPERTS
Branch Office: Birtamode, Jhapa
Near Aduwa Khola Behind Binayak hotel
Birtamode, jhapa, Nepal
Phone No. :
023-590528, 9702959640, 9702959641, 9702959642, 9702959643, 9806004031
email: globalrecruitexperts9@gmail.com

सिलिङ्ग सम्बन्धीको सम्पूर्ण काम गर्नुपरेमा हामीलाई सम्झनुहोस्
यहाँ गुणस्तरीय सामानको प्रयोग गरी जिप्सन, फल्ससिलिङ, २x२ जिप्सन तथा २x२ सिमेन्ट बोर्ड सिलिङ्ग साथै पीभीसी सिलिङ्ग र सिमेन्ट बोर्ड पाटेसन सम्बन्धी सम्पूर्ण काम दक्ष प्राविधिकबाट गरिनुका साथै सिलिङ्ग सम्बन्धी सम्पूर्ण सामान होलसेल तथा खुद्रा मूल्यमा उपलब्ध छ । आजै सम्पर्क गर्नुहोस् मौकाको फाइदा लिनुहोस् ।
बिर्तामोड :
झापा फल्स सिलिङ्ग हाउस
९८१७९९७२१२, ९८२५९१४४३०
उर्लाबारी : उर्लाबारी इन्टेरियर डेकोर
फोन नं. : ९८११३४८२४३

सेफ्टी ट्यांकी सफा गर्नु परेमा हामीलाई सम्पर्क गर्नुहोला ।
झापा सेफ्टी ट्यांकी तथा ढल सफाई
बिर्तामोड सम्पर्क
राजुकुमार श्रेष्ठ
९८५२६४६००५, ९८०६०१०४१०
९८४२६३४६२, ०२३-५४६००५
दमक सम्पर्क:
देवी सिटौला
९८२४९७९१८५,
९८४२७६०२६५,
९८४२३३२४३०
झापामै सबैभन्दा ठूलो भ्याकुम सिस्टमको ट्यांकीबाट सफाई गरिन्छ ।

ताप्लेजुङ -पाथीभरा सफल यात्रा
बिर्तामोडबाट फिदिम, ताप्लेजुङ हुँदै पाथीभरा मन्दिरसम्म साथै थेचम्बु, मेमेङसम्मको सफल यात्राका लागि हामीलाई सम्झनुहोस् ।
ताप्लेजुङ पाथीभरा काउन्टर
मो. : ९८०३२५०४७२
९८०१३६४०९३

हाड जोर्नी नसाका बिरामीलाई सुवर्ण अवसर
काठमाडौंका विशेषज्ञ बिर्तामोडमा
स्पार्क अस्पताल काठमाडौंका बरिष्ठ **डाक्टर अनिलकुमार महतो** यही २०८२ साल **चैत ७ गते शनिबार** स्पार्क पूर्वाञ्चल अस्पताल बिर्तामोडमा आउँदै हुनुहुन्छ । आफ्नो समस्या जाँच गराई मौकाको फाइदा लिनुहोस् ।
**जाँच हुने समस्याहरु :**
- ढाड, कम्मर, गर्दन । घुँडा, जोर्नीहरु दुख्ने, नसा च्यापिएको, हड्डी खिइएको
- बाथ रोग, युरिक एसिड बढेको
- शरीर झम्झमाउने, लाटो हुने, कुम जाम भएको
- प्यारालाइसिस, मुख बाङ्गिएको
समय : बिहान ८:०० देखि ३:००
स्पार्क पूर्वाञ्चल अस्पताल,
कनकाई रोड, नेपाल टेलिकम पूर्व बिर्तामोड, झापा
(फोन : ०२३-५३०१२३, ९७६२९००२८८, ९८१४०३२६६२, ९७६२९००२८८